


## लक्षित वर्गहरू

- नेपाली नागरिक तथा मतदाताहरू
- राजनीतिक दलका नेता, कार्यकर्ता तथा उम्मेदवारहरू
- युवा एवं पहिलोपल्ट मतदान गर्ने मतदाताहरू
- विद्यालय र विश्वविद्यालयका शिक्षक शिक्षिकाहरू
- माध्यमिक, उच्च माध्यमिक र विश्वविद्यालय तहका छात्र छात्राहरू
- पत्रकार जगत, संचार माध्यम तथा सम्पादक एवं प्रकाशकहरू
- गैसस तथा नागरिक समाजसम्बन्धी सङ्घसंस्थाहरू
- लोकतन्त्र, सुशासन र निर्वाचनसम्बन्धी अध्ययन अनुसन्धान गर्ने अध्येताहरू
- तालिम प्रदान गर्ने संस्थाहरू
- निर्वाचनसँग सरोकार राख्ने व्यक्ति एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू

## भ्रमण गर्ने प्रक्रिया -

भ्रमण गर्न आउने समूहले आफ्नो विवरण र भ्रमण गर्ने व्यक्तिको सङ्ख्या उल्लेख गरी अग्रिम बुकिङ गर्नुपर्नेछ । एक पटकमा अधिकतम ४० जनासम्मले अवलोकन गर्न सक्नेछन् । यो केन्द्रमा समूहगत रूपले भ्रमण गर्दा करिब ९० मिनेट समय लाग्छ । केन्द्रमा अवलोकन भ्रमण गर्न प्रवेश शुल्क लाग्दैन तर त्यसका लागि अग्रिम दर्ता अथवा जानकारी गराई समय लिनु पर्नेछ ।

सम्पर्क फोनः ४२३०८७१
हाम्रो वेबसाइट www.election.gov.np हेर्नुहोस् ।



**निर्वाचन आयोग, नेपाल**
निर्वाचन भवन, कान्तिपथ,
काठमाडौं, नेपाल

**सहयोगीहरूः**

UNDP — Empowered lives. Resilient nations.

Australian AID

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग
# निर्वाचन शिक्षा तथा सूचना केन्द्र

# परिचय



## निर्वाचन शिक्षा तथा सूचना केन्द्र

Electoral Education and Information Center (EEIC)

भ्रमण गरी
लोकतन्त्रको व्यवहारिक अभ्यासको स्वयं अनुभव गरौं ।

फोन नं. ४२३०८७१, फ्याक्स नं. ४२३९७७४
Website: www.election.gov.np
Email: info@election.gov.np



## परिचय

स्वच्छ, स्वतन्त्र र निस्पक्ष निर्वाचनका लागि सबै मतदाता र निर्वाचनका साझेदारहरू निर्वाचनका बारेमा सुसूचित हुनु आवश्यक छ । निर्वाचन शिक्षालाई मतदातामुखी, उत्तरदायी र पारदर्शी बनाई निर्वाचन प्रणाली, विधि र प्रक्रियाप्रति मतदाताको सचेतना बढाई सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले निर्वाचन आयोगले २०६८ सालमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरेको छ ।

निर्वाचन शिक्षा तथा सूचना केन्द्र निर्वाचन आयोगको भवन परिसर कान्तिपथ, काठमाडौंमा अवस्थित छ। निर्वाचन आयोगले यस केन्द्रको अवलोकन भ्रमण गर्ने व्यक्ति र समूह तथा आमपहुँच (आउटरीच) कार्यक्रम मार्फत सबै भौगोलिक क्षेत्र एवं पछाडि परेका जाति, वर्ग, लिङ्गका सबै नागरिकहरूलाई नागरिक एवं लोकतान्त्रिक निर्वाचनसम्बन्धी शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ।

## सञ्चालन हुने क्रियाकलापहरू

यस केन्द्र अन्तर्गत सम्पादन हुने क्रियाकलाप र उपलब्ध हुने सुविधाहरू निम्नानुसार हुनेछन्:-

१. शिक्षा तथा सूचना केन्द्र - यस अन्तर्गत निम्न कुराहरू पर्दछन,

- प्रदर्शन/सङ्ग्रहालय - स्वदेश/विदेशका निर्वाचन सम्बन्धी ऐतिहासिक एवं पुरातात्विक महत्वका सामग्रीहरूको प्रदर्शन,
- मिनि थिएटर - लोकतन्त्र र निर्वाचन सम्बन्धी जानकारी दिने थिएटरमा आधारित कार्यक्रम,
- अन्तरक्रिया - लोकतन्त्र, संविधान र निर्वाचनको इतिहास, नागरिकका हक अधिकार तथा कर्तव्य, निर्वाचन प्रणाली र मतदान प्रक्रिया, राजनैतिक दल र राजनैतिक प्रक्रिया, निर्वाचनको सन्दर्भमा साझेदारको भूमिका र उत्तरदायित्व विषयमा अन्तरक्रिया,
- मतदान अभ्यास - निर्वाचन प्रणाली, विधि र प्रक्रियाको झलक दिने मतदान अभ्यास,

२. पुस्तकालय - यस केन्द्रमा अध्येता र शोधकर्ताहरूका लागि सूचना प्रविधिमा आधारित पुस्तकालय रहनेछ । साथै, लोकतान्त्रिक प्रक्रियामा नेपाल र विश्वभरि सम्पन्न हुने निर्वाचनसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका तथा लेख रचनाहरूसमेत सङ्ग्रहीत गरिनेछ ।

३. प्रशिक्षण केन्द्र - यस केन्द्रमा निर्वाचन आयोगद्वारा सञ्चालन गरिने निर्वाचनसम्बन्धी विषयहरूका अतिरिक्त राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका Building Resources in Democracy Governance and Election (BRIDGE) तालिमहरू नियमितरूपमा संचालन हुन्छन्। यस केन्द्रले निर्वाचनको समयमा सञ्चार केन्द्र (Media Center) र नतिजा प्रकाशन गर्ने केन्द्रका रूपमा समेत सेवा प्रदान गर्नेछ।



## प्रसारण हुने विषयहरू

- नेपालमा लोकतन्त्रको स्थापना र विकास, निर्वाचनको इतिहास, निर्वाचन विधि र प्रक्रिया सम्बन्धी मल्टिमिडियाबाट, मनोरम प्रस्तुतिद्वारा निर्वाचन शिक्षा प्रदान गरिनेछ ।
- अन्तरक्रिया गर्ने क्षेत्रमा सरल रूपमा लोकतन्त्र, संविधान, निर्वाचन, सरकार र मतदाताका अधिकार एवं कर्तव्य बारे रोचक तरिकाले सूचना प्रदान गरिनेछ ।
- अवलोकनकर्ताहरू नमूना मतदान गरी निर्वाचन सम्बन्धी क्रियाकलापमा सहभागी हुनेछन् । सबै सहभागीले निर्वाचनका विभिन्न चरणमा प्रत्यक्ष संलग्न भई व्यवहारिक जानकारी प्राप्त गर्नेछन् ।
- उत्साहवर्द्धक रूपमा सिक्ने र जान्न सक्ने वातावरण प्राप्त हुनेछ ।

